# धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३ साल जेठ महिना २२ गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय नागढुंगाबाट तपशिलमा उल्लेखित ऋणीले व्यवसायिक अधिविकर्ष तथा आवधिक कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावां ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले ८ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **नेपाल लक्ष ग्रुप अफ कम्पनी प्रा.लि.** अख्तियार प्राप्त संचालक : भिस्म कुमार राना
दर्ता नं. : ११९५५४/०७०/०७१ दर्ता गर्ने कार्यालय : कम्पनि रजिष्ट्रारको कार्यालय दर्ता मिति : २०७०/१०/२७
स्थायी लेखा नं. : ६०१८४५५५२ रजिष्टर्ड ठेगाना : रुपन्देही जिल्ला सालझन्डी गा.वि.स.वडा नं. ४
शाखा कार्यालय : कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १०

**अख्तियार प्राप्त संचालकको विवरण**

हिरा सिंह रानाको नाति चित्र बहादुर रानाको छोरा रुपन्देही जिल्ला सालझन्डी वडा नं. २ हाल, पोखरा म.न.पा. वडा नं. १५ बस्ने **भिस्म कुमार राना** (ना.प्र.नं.: १२७११ स्याङ्जा जारी मिति र जिल्ला : २०५०/०५/०१, रुपन्देही)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) नर बहादुर आलेको नाति रोक बहादुर आलेको छोरा स्याङ्जा जिल्ला पौवेगौडे वडा नं. २ हाल, कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १५ बस्ने **सन्तोष आले मगर** (ना.प्र.नं.: ४२३००२/४६ जारी मिति र जिल्ला : २०७०/०२/१५, स्याङ्जा)

२) गंगे दरैको नाति धन बहादुर दरैको छोरा तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ११ बस्ने **होम बहादुर दरै** (ना.प्र.नं.: ४० जारी मिति र जिल्ला : २०४९/०४/०४, तनहुँ)

३) शुक बहादुर दरैको छोरी धन बहादुर दरैको बुहारी होम बहादुर दरैको पत्नी तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ३ हाल, ११ बस्ने **रनि माया दरै** (ना.प्र.नं.: ७६९२० जारी मिति र जिल्ला : २०५७/०७/२४, तनहुँ)

**यसअघि प्रकाशित गरिएको सार्वजनिक सूचनाको विवरण :**

१) मिति २०७९ साल कार्तिक महिना ३० गतेको नयाँ पत्रिका दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चक्ता भुक्तानी गने सम्बन्धी ३५ दिने
२) मिति २०७९ साल माघ महिना ४ गतेको नागरिक दैनिक राष्ट्रिय पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि सम्बन्धी २१ दिने
३) मिति २०७९ साल फागुन महिना २३ गतेको कारोबार दैनिक राष्ट्रिय पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि सम्बन्धी १५ दिने
४) मिति २०८० साल पुस महिना २४ गतेको कारोबार दैनिक राष्ट्रिय पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि सम्बन्धी ७ दिने
५) मिति २०८० साल चैत महिना २० गतेको कारोबार दैनिक राष्ट्रिय पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि सम्बन्धी ७ दिने
६) मिति २०८३ साल बैशाख महिना ३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि सम्बन्धी ७ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|
| भिस्म कुमार राना | तनहुँ जिल्ला फराकचौर वडा नं. ९ | ९ज | ७०९ | ०-७-१-१ |
| | | | ७१० | ०-११-३-१ |
| | | | ७११ | २-१२-२-२ |
| | | | ७१२ | ०-८-०-० |
| | | | ७१३ | २-०-१-१ |
| | | | ७१४ | ३-२-०-३ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८३ साल जेठ महिना २८ गते विहीबार भित्र यस बैकको शाखा कार्यालय नागढुंगा आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर वा सो बराबरको यस बैंकको नाममा खिचिएको पेश गर्ने अन्तिम मिति भित्रको Good For Payment Cheque संलग्न गर्नु पर्नेछ।
५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल जेठ महिना २९ गते शुक्रबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय नागढुंगामा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

## मुक्तिनाथ विकास बैंक लि.
## MUKTINATH BIKAS BANK LTD.

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ